# ............ इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय :** ...................................... .................................. ..........................
फोन नं. – ......................, फ्याक्स – ........................ इमेल.................................

## माछा पालन बीमालेख (लागत/ उत्पादन)

माछाधनीद्वारा प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले, यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, बिशेष ब्यवस्था, अपवाद र सर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र माछाधनीको विवरण तालिकामा उल्लेख भए बमोजिमका माछाहरु मरेमा देहाय वमोजिमको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

## बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित माछा बीमा अवधिभित्र मरेमा बीमकले उक्त माछाको बीमाङ्क रकमको ९० प्रतिशत रकम बीमितलाई भुक्तानी गर्नेछ :
   (क) आगलागी, चट्याङ,
   (ख) भूकम्प,
   (ग) बाढी/डुवान /खडेरी,
   (घ) पहिरो/भूस्खलन,
   (ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,
   (च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,
   (छ) रोगबाट हुने हानि-नोक्सान,
   (ज) अक्सिजनको कमि, एमोनियाबाट हुने नोक्सानी,
   (ञ) बिषालु पदार्थबाट मरेमा ।

## बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरू

निम्न अवस्थाहरूमा यस बीमालेख अन्तर्गत दाबी भुक्तानी हुने छैन :

१) माछाधनी वा निजको एकाघरका परिवारका सदस्यको लापरवाहीले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट बीमित माछा मारिएमा ।

२) सरकारी निकाय वा अन्य मान्यता प्राप्त कानुनी निकायको आदेशमा माछालाई नष्ट गर्नुपर्ने भएमा ।

३) बीमित माछा हराएमा वा चोरी भएमा ।

४) बीमित माछा बिक्री गरी स्वामित्व हस्तान्तरण भएमा ।

५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित माछा मरेमा ।

६) देहायको कुराबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट वा सोबाट उत्पन्न कारणबाट बीमित माछा मरेमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः) जारी रहने अणुको विच्छेदनको ज्वलनसमेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुन कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

७) बीमित माछा पालिने स्थानको सम्बन्धमा माछाधनीले मूलभूत विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै गल्तीबाट हुने दाबीप्रति बीमक उत्तरदायी हुने छैन ।

८) बीमकको सहमति बेगर माछालाई जून प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा ।

९) पोखरी/रेसवे सफा गर्दा वा पानी थपघट गर्दा माछा मरेमा वा पोखरी/रेसवेको क्षमता भन्दा बढी माछा पालन गरेमा ।

## सर्तहरू

माछाको बीमा गर्दा बीमितले निम्न सर्तहरुको पालना गर्नु पर्नेछ :

१) माछा पालनकोलागि न्यूनतम २०० वर्ग मिटरको पोखरी र कम्तिमा तीन (३) फिट पानीको गहिराई भएको पोखरी हुनु पर्दछ तर ट्राउट माछाको हकमा प्राविधिकको सिफारिस अनुसारको संरचना भएको हुनु पर्नेछ ।

२) मत्स्य वीजको आपूर्ति नेपालकै मान्यता प्राप्त ह्याचरी तथा नर्सरीबाट भएको हुनु पर्नेछ । तर प्रचलित नियम कानून पालना गरि आयात गरिएका मत्स्य वीजको हकमा यो प्रावधान लागु हुने छैन् ।

३) बीमित माछालाई पूर्ण स्वस्थ्य र निरोगी राख्न माछाधनीले हरसम्भव प्रयास गर्नु पर्नेछ । बीमित माछालाई नियमित रूपमा स्वास्थ्य जाँच गरी/गराई रोग रोकथामको लागि आवश्यक पहल गरेको हुनु पर्नेछ । बीमित माछालाई कुनै रोग लागेमा वा माछा अस्वस्थ्य भएमा माछा धनीले मत्स्य प्राविधिकको परामर्श अनुसार तत्काल आफ्नै खर्चमा उचित रोकथाम वा उपचार गराउनु पर्नेछ ।

४) बीमित माछा पालन गर्ने पोखरी/रेसवेहरु मत्स्य प्रविधिकले पालन योग्य भनी प्रमाणीत गरेको र पानीको गुणस्तरलाई वांछित स्तरमा कायम राखेको हुनु पर्नेछ । साथै आहारहरूको राम्रो व्यवस्था गरी प्रविधि अनुसारको दाना नियमित एवं उचित तरिकाले दिईएको हुनु पर्नेछ ।

५) बीमित माछाको सम्बन्धमा बीमकले चाहेको समयमा माछाधनीले जुनसुकै समयमा माछा पालन गरिएको परिसरमा परीक्षण गर्न आउने बीमकको कुनै पनि आधिकारिक प्रतिनिधिलाई परीक्षण गर्न दिनु पर्नेछ ।

६) बीमित माछा मरेको दुई (२) दिनभित्र बीमकलाई स्वयम् वा बैङ्क/सदस्य संस्था मार्फत लिखित जानकारी दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमकले मरेको माछाको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म माछाधनीले मरेको माछा सुरक्षित राख्नु पर्नेछ । बीमकले सो अवधिभित्र मरेको माछाको सम्बन्धमा आवश्यक प्रक्रिया पुरा गरी सिधै वा बैङ्क वा सदस्य संस्था मार्फत माछाधनीलाई जानकारी दिनेछ ।

७) बीमकको तर्फबाट बीमालेख रद्द गरिएमा खूद बीमाशुल्कको समानुपातिक दरले हुन आउने रकम फिर्ता दिनु पर्नेछ । तर दावी परिसकेको अवस्थामा भने बीमाशुल्क फिर्ता हुने छैन ।

८) यस बीमालेख अन्तर्गत बीमित माछा मरेको कारणबाट हुने अन्य वा थप खर्च वा हानि नोक्सानीको दाबी गर्न पाइने छैन ।

९) माछाको बीमा गर्दा बीमितले प्रस्ताव फारामसँग प्राविधिकद्वारा माछा बीमा गर्नका लागि योग्य भएको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ ।

१०) माछाको बीमा गर्नु अगाडि देखि बीमितले, प्राबिधिकले सिफारिस गरे अनुसारको विवरण पुस्तिकामा माछाको अध्यावधिक विवरण (पोखरी/रेसवेमा राखिएको भुराको संख्या, बीच बीचमा बेचबिखन गरिएको संख्या, आहार, लागेको रोग, रोग निधानको लागि अपनाईएको बिधि, खर्च आदि) को अभिलेख राख्नु पर्नेछ ।

११) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## विशेष व्यवस्थाहरु

१) माछाको बीमाशुल्क निम्नानुसार हुनेछ :-
एक बर्ष वा सो भन्दा कम अवधिको लागि पालिने माछाको बीमाशुल्क बीमाङ्क रकमको दुई (२) प्रतिशत हुनेछ । तर बिषेश सघन प्रबिधि अनुसार माछा पालन गरिएको अवस्थामा बीमाशुल्कमा दश (१०) प्रतिशत छुट दिईनेछ ।

२) माछाको बीमा अवधि न्यूनतम तीन (३) महिनाको हुनेछ । पोखरी/रेसवेमा भुरा राखेको पन्ध्र (१५) दिन भित्र बीमा गरी सक्नुपर्नेछ ।

३) बीमितले माछा पालनको लागि तयार गरिएको पोखरी/रेसवेको बीमा गर्न चाहेमा त्यस्तो पोखरी/रेसवेको बीमाङ्क रकमको एक (१) प्रतिशत बीमाशुल्क भुक्तानी गरी सम्पुष्टि द्वारा थप सुरक्षण लिन सकिनेछ ।

४) सदस्य संस्था माफर्त बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ । तर एउटै सस्था, समूह आदिले बीमा अभिकर्ता कमिशन र संस्थागत छुट मध्ये कुनै एक मात्र सुविधा पाउनेछन् ।

## दाबी सम्बन्धी प्रकृया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमित माछा मरेमा सोको सात (७) दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ माछाधनी वा बैङ्क/सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेस गर्नु पर्नेछ ।

- क) सक्कल बीमालेख
- ख) पूर्ण रुपले भरिएको दाबी फाराम,
- ग) प्राविधिकद्वारा माछा मरेको प्रमाणित गरिएको प्रमाण-पत्र,

घ) बीमितले राखेको माछा सम्वन्धि अध्यावधिक अभिलेखको प्रति,

ङ) न.पा./गा.वि.स./वडा वा कम्तिमा सबभन्दा नजिकको दुई (२) जना छिमेकीको सर्जमिन मुचुल्का

च) बिषालु पदार्थबाट मरेको अवस्थामा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशाला द्वारा प्रमाणित गरिएको प्रमाण-पत्र ।

२) बीमित माछाको दाबी गर्नु अगाडि यदि समय समयमा माछा बिक्री वितरण (harvest) गरिएको भए सो संख्या घटाई बाँकी रहेको माछाहरुको मात्र हिसाब गरी हुन आउने मूल्यको ९०% मात्र दाबी भुक्तानी गरिनेछ ।

३) बीमा अवधिभित्र जून पक्ष (पन्ध्र दिनको एक पक्ष) मा दाबी पर्छ सोहि पक्ष अनुसार बीमितले छनौट गरिए वमोजिम (उत्पाद/उत्पादन) को अनुसूचीमा उल्लेखित मूल्यको आधारमा दाबी भुक्तानी गरिनेछ ।

४) बाढीको कारणले आंशिक रुपमा माछाको क्षति (मरे/हराए) भएमा त्यस्तो अनुमानित क्षति वापत दाबी भुक्तानी रकमको पचास प्रतिशत तत्काल भुक्तनी गरिनेछ र बाँकी क्षतिपूर्ति वापतको रकम माछा मार्ने/निकाल्ने (harvest)) कार्य पछि वास्तविक क्षतिको आधारमा पहिला दिएको दावी रकम कट्टा गरेर बाँकी हुन आउने रकम मात्र भुक्तानी गरिनेछ ।

५) यस बीमालेख अन्तर्गत बैङ्क/सदस्य संस्था र बीमक बीच मतभेद भएमा वा विवाद उत्पन्न भएमा सोको निरूपण प्रचलित कानून अनुसार हुनेछ ।

६) यस बीमालेख अन्तर्गत बीमकले दाबी भुक्तानी नदिएमा वा कम दिएमा सोको जानकारी प्राप्त भएको पैंतीस (३५) दिनभित्र माछा धनीले बीमा समितिमा उजुरी दिन सक्नेछ ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेख नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको माछाको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने संझनु पर्दछ ।

**बीमित माछा** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको माछा संझनु पर्दछ । माछा भन्नाले रोहु, नैनी, भाकुर, कमनकार्प, सिल्भर कार्प, बिगहेड कार्प, ग्रास कार्प तथा नेपालभित्र पालनका लागि उपयुक्त ठहऱ्याईएका अन्य जातका माछाहरु भन्ने संझनु पर्दछ ।

**माछा पालन स्थल** भन्नाले माछा पालनको लागि प्राविधिकको सल्लाह अनुसार तयार भएको

पोखरी/रेसवे भन्ने संझनु पर्दछ ।

**बैङ्क** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय कानुन बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न नियम बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा माछा पालनको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी,गैर सरकारी संस्था आदि,) तथा ग्रामीण क्षेत्रमा सञ्चालित बिभिन्न योजना समेतलाई संझनु पर्दछ ।

**सदस्य संस्था** भन्नाले माछा पालन कार्यसँग सम्बन्धित माछाधनीहरुको सहकारी संस्था संझनु पर्दछ । यस अन्तर्गत सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वावलम्वन समूह, कृषि समूह, आमा समूह आदि जस्ता समूह समेतलाई जनाउँदछ ।

**बीमाङ्क रकम** भन्नाले माछाको प्रकार, पालन प्रबिधि तथा अवधि अनुसार अनूसुची (१-४)मा उल्लेख भएको रकम संझनु पर्दछ ।

**लापरवाही** भन्नाले बीमितले आफ्नो माछालाई रोगहरू विरुद्ध समयमै उचित हेरचाह तथा उपचार नगराएको तथा जानाजान बिषालु पदार्थ खुवाएको अवस्था समेत संझनु पर्दछ ।

**प्राविधिक व्यक्ति** भन्नाले नेपाल सरकारको कृषि सेवा मत्स्य समूहका प्राविधिक वा मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य विज्ञान विषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) वर्षसम्मको अवधि संझनु पर्दछ । बीमकले नवीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमाशुल्क समेत बीमकलाई प्राप्त भएको अवस्थामा नवीकरण भएको अवधिलाई पनि बीमा अवधि संझनु पर्दछ ।

**माछा हानी-नोक्सानी (मरेको) प्रमाणपत्र** भन्नाले सम्बन्धित प्राविधिकले बीमित माछा मरेको हो भनी प्रमाणित गरि दिएको प्रमाण पत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटनालाई संझनु पर्छ ।

**व्यवसायिक रुपमा पालन गरिएको माछा** भन्नाले प्रचलित नियम बमोजिम सम्बन्धित निकायको सिफारिस अनुसार पालन गरिएको माछा व्यवसाय सम्झनु पर्दछ ।

# माछा बीमालेख

| | |
|---|---|
| माछाधनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>अञ्चल.........................<br>जिल्ला..................न.पा./गा.वि.स...............<br>वडा नं. .................. टोल :.....................<br>फोन नं : ...................... | बीमालेख नं :<br><br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br><br>बीमालेख जारी स्थान : |
| बीमा अवधि<br>प्रारम्भ मिति :<br><br>समाप्त मिति : | बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय : |
| बीमाङ्क कायम गरिएको आधार :<br>क) उत्पादन लागत (Production cost) ☐<br><br>ख) उत्पाद मूल्य (Product value) ☐ | बीमाङ्क :<br>(क) माछाको रु...................<br>(ख) पोखरी/रेसवेको रु....................<br>कुल बीमाङ्क : .................. |
| माछा पालन गरिएको स्थान :<br>अञ्चल.........................<br>जिल्ला...................... न.पा./गा.वि.स.<br>.................. वडा नं. ............<br>टोल ....................... | बीमाशुल्क :<br>(ग) माछाको रु...................<br>(घ) बिशेष सघन प्रविधि वापत छूट :<br>"ग" को १०% ... |
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा वित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | (ङ) पोखरी/रेसवेको रु....................<br>(च) कुल बीमाशुल्क : ..................... |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको :
नाम थर :

हस्ताक्षर :
पद :
मिति :
छाप :

............. **इन्स्योरेन्स कम्पनी लिमिटेड**

काठमान्डौ, नेपाल

**माछा बीमा प्रस्ताव फाराम**

१) माछाधनीको नाम :.................................................... नागरिकता नं. :.................

२) पुरा ठेगाना :
अञ्चल.....................जिल्ला...................न.पा./गा.वि.स. .................वडा नं. ...........
टोल :............................................फोन नं : .....................................

३) पेशा : .......................................................

४) कृपया माछाको पालन बिधि अनुसार छुट्टा छुट्टै विवरण तालिकामा उल्लेख गर्नुहोस् ।

**माछाको :**

| क.सं. | संख्या | जात | पालन प्रविधि | जलासयको क्षेत्रफल | बीमा अवधि | | मूल्य | | बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | उत्पाद | उत्पादन | |
| | | | | | | | | | |

५) तपाई पोखरी/रेसवेको बीमा गराउन चाहनुहुन्छ ? चाहनुहुन्छ भने बीमाङ्क रकम खुलाउनुहोस् :
बीमाङ्क रु..........................

६) माछा पालिएको पोखरी/रेसवेको वास्तविक ठेगाना :
अञ्चल.........................जिल्ला..........................न.पा./गा.वि.स. .......................
वडा नं. .............. टोल.................................फोन नं : ............................

७) माछा राखिने पोखरी/रेसवेको बनावटको विवरण दिनुहोस् :
..........................................................................................

८) उक्त माछाहरु स्वस्थ्य र रोगमुक्त छन् ? यदि छैनन् भने रोगहरूको विवरण दिनुहोस :
..........................................................................................

९) माछा स्वास्थ्य सेवा उपलव्ध छ ? यदि छ भने उक्त सेवा यस अघि कहाँबाट लिएको हो :
क) सरकारी माछा स्वास्थ्य सेवाहरु ...................................................

ख) निजी माछा स्वास्थ्य सेवाहरु ..........................................................................
ग) माछा पालिने पोखरीबाट स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस..........

१०) पोखरी/रेसवेको पानीको गुणस्तर जाँच गर्ने न्यूनत्तम ब्यवस्था छ कि छैन ? छैन भने सो सुविधा कहाँ बाट प्राप्त हुनेछ ?

.........................................................................................................

११) माछा पोखरी/रेसवेको सुरक्षाको लागि के कस्तो ब्यवस्था छ ? तारबार, चौकीदार, आदिको विवरण : ...........................................................................................................

१२) माछा भुराको श्रोत : ..........................................................................................

१३) विगत एक (१) वर्ष भित्रमा तपाईको माछा मरेको छ ? छ भने

| **वर्ष** | **मृत्युको कारण** | **नोक्सान भएको माछाको अनुमानित संख्या र तौल** |
|---|---|---|
| | | |

१४) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूह आदिले उक्त माछामा लगानी गरेको छ ? छ भने, उक्त वैंक/वित्त कम्पनी/सहकारी वा समूहको :

नाम :..........................................................................................................

ठेगाना :

अञ्चल..............................जिल्ला.........................न.पा./गा.वि.स. .....................

वडा नं. ............. टोल..............................फोन नं : ..............................

लिएको ऋणको रकम : रु........................अक्षेरेपी (...............................................)

*म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, माछाहरुलाई यथार्थ ढङ्गले वर्णन गरिएको र माछाहरु स्वस्थ रहेको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।*

प्रस्तावकको सही :
नाम :
मिति :

## ……………इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमान्डौ, नेपाल
**(मत्स्य प्राविधिक प्रमाण-पत्र)**

(प्रस्ताव सँगै संलग्न हुनुपर्ने)

१) माछाधनीको नाम :…………………………………………

२) ठेगाना :
अञ्चल…………………………जिल्ला…………………………न.पा. ⁄ गा.वि.स. …………………
वडा नं. ………………टोल :…………………………फोन नं : ……………………………………

३) पेसा :……………………………………

४) बीमाको लागि प्रस्तावित माछाको विवरण (माछा पालन प्रविधि अनुसार छुटाछुटै विवरण पेश गर्नु पर्नेछ) :

| क. सं. | पालन प्रविधि | जलासयको क्षेत्रफल | स्टक गरेको माछाको संख्या | बाँच्ने दर (%) | औसत तौल (ग्राम) | कुल उत्पादन के.जी. | उत्पादन लागत रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५) पोखरी ⁄ रेसवेको तयारी संतोषजनक रुपले गरिएको छ कि छैन ?
……………………………………………………………………………………

६) पानीको गुणस्तर व्यवस्थापनको लागि आवश्यक जानकारी एवं प्राविधिक सुविधा उपलब्ध छ ⁄ छैन ?
……………………………………………………………………………………

७) माछा पालन सम्बन्धी रेकर्ड राख्ने गरेको छ वा छैन ?
…………………………………………………………………

८) उक्त माछाहरू स्वस्थ, निरोगी र असल अवस्थामा छन् ?
……………………………………………………………………………

९) कुनै माछाहरू कहिल्यै कुनै रोगव्याधिबाट ग्रस्त थिए ? यदि थिए भने विवरण दिनुहोस् ?
…………………………………………………………………………

१०) तिनीहरु राम्रोसँग स्याहार गरिएका वा नियमित रुपले उचित आहारा खुवाएर पालिएका जस्ता देखिन्छन् ?

..........................................................................

११) माछा राख्ने स्थान वा त्यसको नजिकमा कुनै सरुवा वा संक्रामक रोग फैलिएको छ ? यदि छ भने मिति उल्लेख गर्नुहोस् ?

.....................................................................................................

१२) माछाहरु आपूर्तिको स्रोत के हो ?

..............................................................................................................

१३) माछा पालन गरीने पोखरीको अवस्था राम्रो र माछाको स्वास्थ्यलाई सघाउ पुऱ्याउने खालको छ ?

.....................................................................................

१४) तपाईँलाई उक्त जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? भएमा विवरण दिनुहोस् ।

..............................................................................................

१५) तपाईँले उक्त जोखिम स्वीकार गर्न मनासिव देख्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस् ।

..............................................................................................................
.

*अनुसूचिमा उल्लेखित माछाहरु तथा पोखरी/रेसवेको ध्यानपूर्वक परीक्षण भएको र प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारी भए सम्म सही छन् भनी प्रमाणित गर्दछु ।*

| माछा धनीको | प्राविधिकको |
|---|---|
| नाम : | नाम : |
| सही : | सही : |
| ठेगाना : | ठेगान : |
| मिति : | मिति : |

## अनुसूची-१
# सघन माछा पालन

| पक्ष | शुरु स्टक | सरदर तौल (ग्राम) | उत्पाद मूल्य (Product value) | उत्पादन लागत (Production cost) |
|---|---|---|---|---|
| १ | १००००/ प्रति हेक्टर | १०.० | २२५००.०० | ६७७००.०० |
| २ | | १५.० | ३००००.०० | ८५७००.०० |
| ३ | | २५.० | ४६८७५.०० | १०४५००.०० |
| ४ | | ४५.० | ८४३७५.०० | १२४८००.०० |
| ५ | | ६०.० | ११२५००.०० | १४६४००.०० |
| ६ | | ९०.० | १५७५००.०० | १६९९००.०० |
| ७ | | १३०.० | २०४७५०.०० | १९६३०० .०० |
| ८ | | १९०.० | २९९२५०.०० | २२२५००.०० |
| ९ | | २५०.० | ३९३७५०.०० | २५१७००.०० |
| १० | | ३१०.० | ४८८२५०.०० | २८००००.०० |
| ११ | | ४००.० | ६३००००.०० | ३११६००.०० |
| १२ | | ५००.० | ७८७५००.०० | ३४७०००.०० |
| १३ | | ६००.० | ९४५०००.०० | ३८६१००.०० |
| १४ | | ७००.० | १२२५०००.०० | ४२०२००.०० |
| १५ | | ७२५.० | १२६८७५०.०० | ४५५०००.०० |
| १६ | | ७५०.० | १३१२५००.०० | ४९०३००.०० |
| १७ | | ७५०.० | १३१२५००.०० | ५२५७००.०० |
| १८ | | ७५०.० | १३१२५००.०० | ५५१८००.०० |
| १९ | | ७५०.० | १३१२५००.०० | ५७७९००.०० |
| २० | | ७५०.० | १३१२५००.०० | ६०३९००.०० |
| २१ | | ७५०.० | १३१२५००.०० | ६३००००.०० |
| २२ | | ७५०.० | १३१२५००.०० | ६५६०००.०० |
| २३ | | ७५०.० | १३१२५००.०० | ६८२१००.०० |
| २४ | | ७५०.० | १३१२५००.०० | ७०८२००.०० |

नोट :

- **पक्ष** भन्नाले पन्ध्र दिनको एक पक्ष संझनु पर्छ ।
- **उत्पाद मूल्य (Product value)** भन्नाले यस अनुसूचीमा उत्पाद भनि उल्लेख भएको मूल्यलाई संझनु पर्दछ ।
- **उत्पादन लागत (Production cost)** भन्नाले यस अनुसूचीमा उत्पादन भनि उल्लेख भएको लागतलाई संझनु पर्दछ

## अनुसूची-२
## विशेष सघन माछा पालन

| पक्ष | शुरु स्टक | सरदर तौल (ग्राम) | उत्पाद मूल्य (Product value) | उत्पादन लागत (Production cost) |
|---|---|---|---|---|
| १ | १५०००/ प्रति हेक्टर | २५.० | ८४४००.०० | १०४४००.०० |
| २ | | ४५.० | १३५०००.०० | १३७६००.०० |
| ३ | | ६०.० | १६८७००.०० | १७३४००.०० |
| ४ | | ९०.० | २५३१००.०० | २१५५००.०० |
| ५ | | १३०.० | ३६५६००.०० | २६६२००.०० |
| ६ | | १९०.० | ४९८७००.०० | ३२६९००.०० |
| ७ | | २५०.० | ५९०६००.०० | ३९९६००.०० |
| ८ | | ३१०.० | ७३२४००.०० | ४६३६००.०० |
| ९ | | ४००.० | ९४५०००.०० | ५३९५००.०० |
| १० | | ५००.० | ११८१२००.०० | ६१२१००.०० |
| ११ | | ६००.० | १४१७५००.०० | ६९४७००.०० |
| १२ | | ७००.० | १६५३७००.०० | ७८७२००.०० |
| १३ | | ७२५.० | १७१२८००.०० | ८८२१००.०० |
| १४ | | ७५०.० | १९६८७००.०० | ९५४८००.०० |
| १५ | | ८०० | २१०००००.०० | १०३०७००.०० |
| १६ | | ८५० | २२३१२००.०० | ११०९९००.०० |
| १७ | | ९००.० | २३६२५००.०० | ११९२५००.०० |
| १८ | | ९५०.० | २४९३७००.०० | १२४६९००.०० |
| १९ | | १०००.० | २६२५०००.०० | १३०३०००.०० |
| २० | | १०००.० | २६२५०००.०० | १३५९१००.०० |
| २१ | | १०००.० | २६२५०००.०० | १४१५२००.०० |
| २२ | | १०००.० | २६२५०००.०० | १४७१३००.०० |
| २३ | | १०००.० | २६२५०००.०० | १५२७४००.०० |
| २४ | | १०००.० | २६२५०००.०० | १५८३५००.०० |

नोट :

- **पक्ष** भन्नाले पन्ध्र दिनको एक पक्ष संझनु पर्छ ।
- **उत्पाद मूल्य (Product value)** भन्नाले यस अनुसूचीमा उत्पाद भनि उल्लेख भएको मूल्यलाई संझनु पर्दछ ।
- **उत्पादन लागत (Production cost)** भन्नाले यस अनुसूचीमा उत्पादन भनि उल्लेख भएको लागतलाई संझनु पर्दछ

## अनुसूची-३
# रेन्बो ट्राउट माछा पालन

| पक्ष | शुरु स्टक | सरदर तौल (ग्राम) | उत्पाद मूल्य (Product value) | उत्पादन लागत (Production cost) |
|---|---|---|---|---|
| १ | १०००/ प्रति १० वर्ग मिटर | ०.७५ | ६३००.०० | ७४००.०० |
| २ | | १.०० | ७०००.०० | ८२००.०० |
| ३ | | २.५० | ८५००.०० | ९२००.०० |
| ४ | | ५.०० | १२०००.०० | १०२००.०० |
| ५ | | ८.०० | १४०००.०० | ११६००.०० |
| ६ | | १२.०० | १५६००.०० | १३२००.०० |
| ७ | | २०.०० | १८०००.०० | १५३००.०० |
| ८ | | ३०.०० | २७०००.०० | १७४००.०० |
| ९ | | ४५.०० | ४००००.०० | २००००.०० |
| १० | | ६०.०० | ५३५००.०० | २३४००.०० |
| ११ | | ७३.०० | ५८६००.०० | २६०००.०० |
| १२ | | ८६.०० | ६९०००.०० | २८९००.०० |
| १३ | | ९८.०० | ७७५००.०० | ३२०००.०० |
| १४ | | ११०.०० | ७९२००.०० | ३५५००.०० |
| १५ | | १२०.०० | ८५२००.०० | ३८५००.०० |
| १६ | | १३०.०० | ९२३००.०० | ४१६००.०० |
| १७ | | १३९.०० | ८८८००.०० | ४४९००.०० |
| १८ | | १४८.०० | ९३२००.०० | ४८३००.०० |
| १९ | | १५७.०० | ९८९००.०० | ५१९००.०० |
| २० | | १६६.०० | १०४५००.०० | ५५६००.०० |
| २१ | | १७५.०० | ९८०००.०० | ५८५००.०० |
| २२ | | १८४.०० | १०३०००.०० | ६१५००.०० |
| २३ | | १९२.०० | १०७५००.०० | ६४५००.०० |
| २४ | | २००.०० | ११२०००.०० | ६७६००.०० |

नोट :

- **पक्ष** भन्नाले पन्ध्र दिनको एक पक्ष संझनु पर्छ ।
- **उत्पाद मूल्य (Product value)** भन्नाले यस अनुसूचीमा उत्पाद भनि उल्लेख भएको मूल्यलाई संझनु पर्दछ ।
- **उत्पादन लागत (Production cost)** भन्नाले यस अनुसूचीमा उत्पादन भनि उल्लेख भएको लागतलाई संझनु पर्दछ ।

## अनुसूची-४
# माउ माछा पालन

| पक्ष | शुरु स्टक | सरदर तौल (के.जी.) | उत्पाद मूल्य (Product value) | उत्पादन लागत (Production cost) |
|---|---|---|---|---|
| १ | ६६७/ प्रति हेक्टर | ३.० | ८००४००.०० | ९५०२००.०० |
| २ | | ३.० | ८००४००.०० | ९९५०००.०० |
| ३ | | ३.० | ८००४००.०० | १०४००००.०० |
| ४ | | ३.० | ८००४००.०० | १०८४८००.०० |
| ५ | | ३.० | ८००४००.०० | ११२९८००.०० |
| ६ | | ३.० | ८००४००.०० | ११७४६००.०० |
| ७ | | ३.३ | १०८९५००.०० | १२२१५००.०० |
| ८ | | ३.३ | १०८९५००.०० | १२६८४००.०० |
| ९ | | ३.३ | १०८९५००.०० | १३१५३००.०० |
| १० | | ३.३ | १०८९५००.०० | १३६२२००.०० |
| ११ | | ३.३ | १०८९५००.०० | १४०९०००.०० |
| १२ | | ३.३ | १०८९५००.०० | १४५६०००.०० |
| १३ | | ३.६ | १५२९५००.०० | १५०४८००.०० |
| १४ | | ३.६ | १५२९५००.०० | १५५३६००.०० |
| १५ | | ३.६ | १५२९५००.०० | १६०२५००.०० |
| १६ | | ३.६ | १५२९५००.०० | १६५१३००.०० |
| १७ | | ३.६ | १५२९५००.०० | १७००२००.०० |
| १८ | | ३.६ | १५२९५००.०० | १७४९०००.०० |
| १९ | | ४.० | १९४०९००.०० | १८००५००.०० |
| २० | | ४.० | १९४०९००.०० | १८५२०००.०० |
| २१ | | ४.० | २०७०४००.०० | १९०३५००.०० |
| २२ | | ४.० | २०७०४००.०० | १९५५०००.०० |
| २३ | | ४.० | २०७०४००.०० | २००६५००.०० |
| २४ | | ४.० | २०७०४००.०० | २०५८०००.०० |

नोट :

- **पक्ष** भन्नाले पन्ध्र दिनको एक पक्ष संझनु पर्छ ।
- **उत्पाद मूल्य** (**Product value**) भन्नाले  यस अनुसूचीमा उत्पाद भनि उल्लेख भएको मूल्यलाई संझनु पर्दछ ।
- **उत्पादन लागत** (**Production cost**) भन्नाले यस अनुसूचीमा उत्पादन भनि उल्लेख भएको लागतलाई संझनु पर्दछ

## **पोखरी/रेसवेको बीमा सम्बन्धि सम्पुष्टी (Endorsement)**

| | |
|---|---|
| माछाधनीको नाम थर : | बीमालेख नं.: |
| | सम्पुष्टि जारी गर्ने कार्यालय : |
| बीमा अवधि : | जारी मिति : |

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टी सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको पोखरी/रेसवेको सम्बन्धमा आगलागी, चट्याङ, भूकम्प, बाढी, डुवान, पहिरो, भूस्खलन, आकस्मिक, दुर्घटनाजन्य बाह्य कारणहरु बाट भएको हानि-नोक्सानी बीमकले वहन गर्नेछ ।

(३) विदेशी शत्रुको कार्यद्वारा भएको युद्ध, आक्रमण, झगडा वा यस्तै समान कार्य, गृहयुद्ध, बिद्रोह, नागरिक उपद्रव, सैनिक गतिविधिको असर, नागरिक बिद्रोह, क्रान्ति, राज्य विरुद्ध वा विध्वंशात्मक कार्य, सैनिक बिद्रोह वा कुनै राजनैतिक दल वा संस्थाको पक्षमा भएको बल प्रयोगबाट हुने आतंक वा अशान्ति जस्ता गतिविधिबाट भएको हानि-नोक्सानीमा बीमकको कुनै दायित्व हुनेछैन ।

(४) उप दफा (३) बमोजिमको कारणबाट भएको कुनै पनि दावीलाई सो कारणबाट नभई अरु नै कारणबाट सृजना भएको भन्ने कुरा प्रमाणित गर्ने दायित्व बीमितको हुनेछ । सो कुरा बीमितबाट प्रमाणित हुन नसकेको अवस्थामा यस प्रकारको दावीको भुक्तानी दिन बीमक जिम्मेवार हुनेछैन ।

(५) बीमालेखमा जुनसुकै कुरा लेखिएको भएता पनि बीमाको अवधि समाप्त हुनु अगावै बीमितले यो सम्पुष्टीको प्रभाव हटाइयोस भनी अनुरोध गरेको अवस्थामा थप बीमा शुल्क वा सो को कुनै अंश फिर्ता गरिने छैन ।

(६) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहनेछन् ।

(अधिकार प्राप्त अधिकारीको)
नाम :
हस्ताक्षर :
पद :
छाप :
मिति :